नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep #३२

# कोरोनाभाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

मंगलबार | २७ फाल्गुन २०७६ (१० मार्च २०२०)

कोभिड-१९ पहिलो केस पौष १५ गते चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो । फागुन २६ गते सम्ममा यो रोग १,०९,५७७ जनामा फैलीसकेको छ भने यस रोगका कारण ३,८०९ (चीनमा मात्र ३,१२३) जनाको मृत्यु भैसकेको छ । यो रोग चीनबाहिर १०४ वटा अन्य देश/ क्षेत्रहरूमा देखिएको छ।

## कोभिड-२०१९ सम्बन्धी विश्वव्यापी स्थिति:

| कोभिड-१९ केसहरू | २६ फागुन २०७६ सम्ममा कुल जम्मा | नयाँ केसहरू | |
|---|---|---|---|
| | | ०९ मार्च | ०८ मार्च |
| **विश्वव्यापी** | | | |
| पुष्टी भएका केसहरू | १०९५७७ | ३९९३ | ३६५६ |
| मृत्यु | ३८०९ | २२५ | ९८ |
| **चीन** *(Includes Hong Kong SAR, Macao SAR and Taipei and environs)* | | | |
| पुष्टी भएका केसहरू | ८०९०४ | ४५ | ४६ |
| मृत्यु | ३१२३ | २३ | २७ |
| **चीन बाहिर** | | | |
| पुष्टी भएका केसहरू | २८६७३ | ३९४८ | ३६१० |
| मृत्यु | ६८६ | २०२ | ७१ |

| | | | |
|---|---|---|---|
| कोभिड-१९ को रिपोर्ट भएका देश/ क्षेत्रहरू | १०४ | ३ (बंगलादेश, अल्बानिया, पाराग्वे) | ८ |
| श्रोत: विश्व स्वास्थ्य संगठनको रिपोर्ट नं. ४७ र ४८ | | | |

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| जम्मा परिक्षण | नेगेटिभ | पोजेटिभ |
|---|---|---|
| ४४५ | ४४४ | १* |

(२७ फाल्गुन २०७६ सम्ममा, ४:०० बजे) सम्म

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुबिधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धी बिहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म परामर्श प्रदान गर्न हटलाईन सेवा ९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४ तोकिएको छ ।

### स्क्रिनिङ् तथा निगरानी - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

- थप जनशक्ति तथा उपकरणको व्यवस्था गरिएको छ ।
- विमानस्थलमा संक्रमण रोकथामका लागि नियमित रूपमा औषधिसहितको स्प्रे (DISINFECTANT-SPRAY) गर्ने कार्य भैरहेको छ ।

- कोभिड-१९ का संकास्पद बिरामीहरुको व्यवस्थापनका लागि प्रदेश स्तरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहहरुसंगको समन्वयमा पुर्व तयारीका विविध क्रियाकलापहरु संचालन भै रहेका छन् ।
  - छिमेकी मुलुकसंगका ४१ वटा स्थलगत नाकाहरूमा हेल्थ डेस्कको स्थापना गरी स्वास्थ्य परिक्षणको व्यवस्था गरी कार्य भैरहेको छ ।
- कोभिड-१९ प्रभावित ८ देशहरू (चीन, इरान, इटाली, दक्षिण कोरिया, फ्रान्स, जापान, जर्मनी र स्पेन) बाट नेपाल आउने यात्रुहरुलाई on-arrival भिसा हाललाई स्थगन गरिएको छ ।
- कोभिड-१९ को Local transmission भएका देशहरूबाट हवाइ मार्ग हुँदै नेपाल आउने यात्रुहरुलाई अनिवार्य रुपमा self quarantine फारम भर्ने र बिमानस्थल स्थित अध्यागमन डेस्कमा बुझाउने व्यवस्था मिलाइएको छ ।
- काठमाडौं उपत्यकामा रहेका ६ वटा हब अस्पतालहरूमा कोभिड-१९ को प्रतिकार्यको पूर्व-तयारीलाई थप व्यवस्थित गर्न आवश्यक समन्वय कार्य गर्नका लागि स्वास्थ्य सेवा बिभागबाट ६ जना निर्देशकज्यूहरुलाई जिम्मेवारी दिइएको छ ।
- काठमाण्डौ महानगरपालिकाका पदाधिकारीहरुका लागि कोभिड-१९ को पूर्व-तयारी तथा प्रतिकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पूर्व-महानिर्देशकज्यूहरू, महाशाखा तथा केन्द्र निर्देशकज्यूहरू तथा स्वास्थ्य विज्ञहरू संग कोभिड-१९ को पूर्व-तयारी तथा प्रतिकार्य सम्बन्धमा गरिरहेको कार्यहरू तथा योजनाका बारेमा छलफल गरी उहाँहरुको सुझाव लिइयो ।
- सम्पूर्ण सरोकारवालाहरू, बिषय जानकारहरू, समस्त मिडियाकर्मीहरू लगायत सम्बद्ध सबैको आ-आफ्नो तर्फबाट भइरहेको सहयोगको निरन्तरताको लागि अनुरोध गर्दै यस संक्रमण रोकथामका लागि सचेत रही मन्त्रालयले सिफारिस गरेका उपायहरूको अवलम्बन गर्न सबैमा अनुरोध गरिन्छ ।

## COVID-19 सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

- COVID-19 सम्बन्धी श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ ।

थप विवरणका लागि तल बक्सामा क्लिक गर्नुहोस:

| | | |
|---|---|---|
| COVID-19 IEC | Press Release MoHP | Technical Guidance |
| HUB Hospitals | Audio Visual PSAs | Contacts |


**स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्र**
**फोन:** ०१-४२५०८४५,
**फ्याक्स:** ०१-४२५०८४२,
**ईमेल:** heocmohp@gmail.com,**वेब:** heoc.mohp.gov.np,
**fb:**fb.com/HEOC

**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**
**फोन:** ०१-४२५५७९६,
**फ्याक्स:** ०१-४१००२६६,
**ईमेल:** ewarsedcd@gmail.com,**वेब:** edcd.gov.np,
**fb:** fb.com/edcdnepal


"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"